# गैरआवासीय नेपाली संघ

# राष्ट्रिय समन्वय परिषद् तदर्थ समिति निर्माण सम्बन्धी नियमावली, २०२१

अन्तर्राष्ट्रिय समन्वय परिषद्‌बाट पारित भएको मितिः २०२१ जुलाई १७

**प्रस्तावना:**

गैरआवासीय नेपाली संघको विधान २००३ (संशोधन सहित २०२१) को दफा २३ मा उल्लेख भए बमोजिम हाल सम्म राष्ट्रिय समन्वय परिषद् गठन नभएका देशमा नयाँ गठन हुने राष्ट्रिय समन्वय परिषद तदर्थ समितिलाई व्यवस्थित गर्नको लागि दफा १७.६ ले दिएको अधिकार प्रयोग गरी अन्तर्राष्ट्रिय समन्वय परिषद्ले यो नियमावली बनाएको छ ।

१. **नाम र प्रारम्भ:**

(१) यो नियमावलीको नाम "राष्ट्रिय समन्वय परिषद् तदर्थ समिति निर्माण सम्बन्धी नियमावली, २०२१" रहेको छ ।

(२) यो नियमावली अन्तर्राष्ट्रिय समन्वय परिषद्ले निर्णय गरेको मिति बाट लागू हुनेछ ।

२. **परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमाः

(क) "**संघ**" भन्नाले गैर आवासीय नेपाली संघलाई जनाउनेछ ।

(ख) "**विधान**" भन्नाले गैरआवासीय नेपाली संघको विधान २००३ (संशोधन सहित) लाई जनाउँनेछ ।

(ग) "**अन्तर्राष्ट्रिय समन्वय परिषद्**" भन्नाले संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई जनाउँनेछ ।

(घ) "**परिषद्**" भन्नाले विधानको दफा २३ अनुसार गठन हुने राष्ट्रिय समन्वय परिषद्लाई जनाउनेछ ।

(ङ) "**तदर्थ समिति**" भन्नाले हाल सम्म राष्ट्रिय समन्वय परिषद् गठन नभएका देशमा नवगठित समितिलाई जनाउनेछ ।

३. **उद्‌देश्य:**

संघको विधान २००३ (संशोधन सहित) को दफा २३.१ अनुसार कार्य गर्ने गरी हाल सम्म राष्ट्रिय समन्वय परिषद् गठन नभएका देशमा राष्ट्रिय समन्वय परिषद्को स्थापना गर्न तदर्थ समिति गठन गर्ने उद्‌देश्यले यो नियमावली बनाईएको हो ।

४. **तदर्थ समिति गठन प्रक्रिया:**

(१) तदर्थ समितिको गठन संघको विधानको उपदफा २३.१ अनुसार हुनु पर्नेछ ।

(२) नयाँ परिषद् गठन गर्न सम्बन्धित मुलुकका गैरआवासीय नेपालीहरुको भेला गर्नु पर्नेछ ।

(३) उक्त भेलाबाट तदर्थ समितिको गठन गर्नु पर्नेछ ।

(४) तदर्थ समितिको बनावट विधानको उपदफा २३.३ मा व्यवस्था भए अनुसार हुनेछ ।

(५) भेलामा सम्बन्धित क्षेत्रको क्षेत्रीय संयोजक तथा अन्तर्राष्ट्रिय समन्वय परिषद्को अन्य पदाधिकारीलाई आमन्त्रण गर्नु पर्नेछ ।

(६) तदर्थ समितिको कार्यसमितिमा चयन हुने पदाधिकारीहरुको पहिचान संघको विधानको उपदफा ५.१ अनुसारको हुनु पर्नेछ ।

(७) सम्बन्धित क्षेत्रको क्षेत्रीय संयोजकले भेलाको विवरण, प्रस्तावित तदर्थ समितिको नामावली र समितका पदाधिकारी तथा सदस्यहरुको हैसियत खुल्ने कागजात अन्तर्राष्ट्रिय समन्वय परिषद्का महासचिव मार्फत यसलाइ सदर गर्नको लागि अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय समक्ष पेश गर्नु पर्नेछ ।

(८) तदर्थ समिति गठन गर्दा सम्बन्धित मुलुकको नियम र कानुनसँग नबाझीने गरी गठन गर्नु पर्नेछ । सम्बन्धित देशको कानून अनुसार संघ दर्ता गर्नु पर्नेछ ।

(९) माथिका प्रकृयाहरु माथि छलफल भए पछि मात्र अन्तर्राष्ट्रिय समन्वय परिषद्ले यसलाई अनुमोदन गरी राष्ट्रिय समन्वय परिषद् को रुपमा मान्यता प्रदान गर्नेछ ।

५. **<u>तदर्थ समितिको काम र कर्तव्यः</u>**

(१) तदर्थ समितिले समिति गठन भएको मितिले १ वर्ष भित्र नयाँ निर्वाचन गराउनु पर्नेछ ।

(२) राष्ट्रिय महाधिवेशन तथा निर्वाचन संघको विधानको दफा २४ र प्रचलित राष्ट्रिय महाधिवेशन संचालन सम्बन्धी नियमावली अनुसार गर्नु पर्नेछ ।

(३) संघको विधानसँग नबाझिने गरी परिषदको विधान बनाउनु पर्नेछ ।

(४) तदर्थ समितिको अन्य काम र कर्तब्य संघको विधानको दफा २३ अनुसार हुनेछ ।

(५) संघको विधानको उपदफा १७.५.२ मा पदाधिकारी पदको उम्मेदवार बन्न तोकिएको योग्यता भएता पनि तदर्थ समितिको पदाधिकारी र सदस्यहरुलाई यस्तो अधिकार रहने छैन ।

(६) तदर्थ समितिका पदाधिकारी तथा सदस्यहरुलाई संस्थापक पदाधिकारी वा सदस्यको मान्यता दिइनेछ ।

६. **<u>बाधा अड्काउ फुकाउः</u>**

यस नियमावली अनुसार कार्य गर्दा कुनै बाधा, अड्काउ पर्न आएमा त्यस्तो बाधा अड्काउ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले संघको विधान संग नबाझिने गरी फुकाउन सक्नेछ ।

७. **<u>यसै नियमावली बमोजिम हुनेः</u>**

यस नियमावलीमा लेखिएका कुराहरुको हकमा यसै नियमावली बमोजिम हुनेछ ।

८. **<u>खारेजी र बजाउः</u>**

(१) राष्ट्रिय समन्वय परिषद् तदर्थ समिति निर्माण सम्बन्धि नियमावली, २०२० खारेज गरिएको छ ।

(२) राष्ट्रिय समन्वय परिषद् तदर्थ समिति निर्माण सम्बन्धि नियमावली, २०२० बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

।।समाप्त।।